# सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५ तथा सूचनाको हक सम्बन्धी नियमावली, २०६५ को नियम ३ बमोजिम सार्वजनिक गरिएको २०८० साल कार्तिक १ गते देखि पौषमसान्तसम्म सम्पादन भएका मुख्य मुख्य क्रियाकलापहरुको विवरण




राष्ट्रिय महिला आयोग

भद्रकालीप्लाजा, काठमाडौं

मिति २०८० माघ १५ गते

१. आयोगको स्वरुप र प्रकृतिः

महिलाहरुको हक हितको संरक्षण र संबद्र्धन गरी महिलाहरुलाई विकासको मूल प्रवाहमा प्रभावकारी रुपमा समाहित गर्न वि.सं. २०५८ फागुन २३ (७ मार्च २००२) गतेकोनेपाल सरकार (मन्त्रिपरिषद्) को निर्णयबाट विधिवत रुपमा राष्ट्रिय महिला आयोगको स्थापना भएको हो । तत् पश्चात् २०६३ सालमा राष्ट्रिय महिला आयोग ऐन र २०६५ सालमा नियमावली जारी भई कार्य सञ्चालन हुँदै आएको थियो । वि.सं.२०७२ मा नेपालको संविधान जारी भए पश्चात् राष्ट्रिय महिला आयोगले संवैधानिक मान्यता प्राप्त गरेपछि आयोगको कार्यक्षेत्र र स्वरुप परिवर्तन भई अधिकार र कर्तव्य समेत संविधानमै तोकिएको छ । आयोगमा १ जना अध्यक्ष र ४ जना सदस्य रहने गरी संवैधानिक व्यवस्था गरिएको छ । आयोगले संवैधानिक स्वरुप प्राप्त गरे पश्चात् लामो अवधिपछि गत २०७७ माघ २१ गते अध्यक्ष र दुईजना सदस्यहरुको नियुक्ति र अन्य दुईजना सदस्यहरूको मिति २०७८ आषाढ १० गते नियुक्ति भई आयोगले पूर्णता प्राप्त गरेसँगै राष्ट्रिय महिला आयोगले आफ्ना गतिविधिहरुलाई तदारुकताका साथ अगाडि बढाएको छ ।

२. आयोगको काम, कर्तव्य र अधिकार

राष्ट्रिय महिला आयोग ऐन, २०७४ अनुसार आयोगको उद्देश्य बुँदागत रुपमा निम्न बमोजिम रहेको छ ।

(क) महिलाकोहककहितसंरक्षण एवं सम्बर्द्धन गर्ने,
(ख) महिला सशक्तीकरण मार्फत विकासको मूल प्रवाहमा महिला वर्गलाई प्रभावकारी रुपमा समाहित गर्ने,
(ग) महिलाको समग्र विकास गरी लैंगिक न्याय कायम गर्ने,
(घ) लैंगिक समानतासँग सम्बन्धित राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सन्धिहरु तथा दस्तावेजको कार्यान्वयनको अनुगमन गर्ने ।

नेपालको संविधानको धारा २५३ बमोजिम राष्ट्रिय महिला आयोगको काम, कर्तव्य र अधिकार निम्न बमोजिम रहेको छः

(क) महिलाको हक हितसँग सरोकार राख्ने, नीति तथा कार्यक्रमको तर्जुमा गरी कार्यान्वयनका लागि नेपाल सरकार समक्ष पेश गर्ने,

(ख) महिलाको हक हितसँग सम्बन्धित कानून वा नेपाल पक्ष भएको अन्तर्राष्ट्रिय सन्धि वा सम्झौता अन्तर्गतको दायित्व कार्यान्वयन भए वा नभएको विषयमा अनुगमन गरी त्यसको प्रभावकारी पालना वा कार्यान्वयनको उपाय सहित नेपाल सरकार समक्ष सुझाव दिने,

(ग) महिलालाई राष्ट्रिय विकासको मूल प्रवाहमा समाहित गर्न तथा राज्यका सबै निकायमा समानुपातिक सहभागिता सुनिश्चित गर्न मौजुदा नीति तथा कार्यक्रमको समीक्षा,

अनुगमन तथा मूल्यांकन गर्ने र त्यसको प्रभावकारी कार्यान्वयनका लागि नेपाल सरकारलाई सिफारिस गर्ने, महिला विरुद्धका भेदभाव तथा सामाजिक कुरीति विरुद्ध जनचेतना अभिवृद्धि गर्ने वा गराउने ।

(घ लैंगिक समानता, महिला सशक्तीकरण तथा महिलासँग सम्बन्धित कानूनी व्यवस्थाको अध्ययन, अनुसन्धान गरी त्यस्ता कानूनमा गर्नुपर्ने सुधारका सम्बन्धमा सम्बन्धित निकायलाई सिफारिस गर्ने र सोको अनुगमन गर्ने,

(ङ) महिला अधिकारसँग सम्बन्धी नेपाल पक्ष भएको अन्तर्राष्ट्रिय सन्धि वा सम्झौतामा भएको व्यवस्था बमोजिम नेपालले पठाउनुपर्ने प्रतिवेदन तयारीका सम्बन्धमा नेपाल सरकारलाई सुझाव दिने,

(च) महिला हिंसा वा सामाजिक कुरीतिबाट पीडित भएको वा महिला अधिकार प्रयोग गर्न नदिएको वा बञ्चित गरेको विषयमा कुनै व्यक्ति वा संस्था विरुद्ध मुद्दा दायर गर्नुपर्ने आवश्यकता देखिएमा कानून वमोजिम अदालतमा मुद्दा दायर गर्न सम्बन्धित निकाय समक्ष सिफारिस गर्ने ।

राष्ट्रिय महिला आयोगले निर्णय गरी आफ्नो काम, कर्तव्य र अधिकारमध्ये कुनै काम, कर्तव्य र अधिकार आयोगको अध्यक्ष, कुनै सदस्य वा नेपाल सरकारको कुनै कर्मचारीलाई तोकिएको शर्तको अधीनमा रही प्रयोग तथा पालन गर्ने गरी प्रत्यायोजन गर्न सक्नेछ ।

राष्ट्रिय महिला आयोगको अन्य काम, कर्तव्य, अधिकार तथा तत्सम्बन्धी अन्य व्यवस्था संघीय कानून बमोजिम हुनेछ भन्ने संवैधानिक व्यवस्था रहेको पाइन्छ ।

२.२ राष्ट्रिय महिला आयोग ऐन, २०७४ बमोजिम आयोगको काम, कर्तव्य तथा अधिकार देहाय बमोजिम तोकिएको छः

क) महिला सशक्तीकरणका लागि महिलासँग सम्बन्धित नीतिगत, कानूनी व्यवस्था तथा नेपाल सरकारका कार्यक्रमको समीक्षा, अनुगमन तथा मूल्याङ्कन गर्ने र त्यस्ता नीति तथा कार्यक्रम लैङ्गिक न्यायको दृष्टिकोणबाट प्रभावकारी भए नभएको विश्लेषण गरी सुधार गर्नको लागि नेपाल सरकारलाई सुझाव दिने ।

ख) संविधान तथा कानून प्रदत्त महिलाको अधिकार सम्बन्धी व्यवस्थाको कार्यान्वयनको बारेमा अध्ययन तथा अनुसन्धान गरी त्यस्ता व्यवस्थाको प्रभावकारी कार्यान्वयनको लागि नेपाल सरकारलाई सुझाव दिने ।

ग) महिला विरुद्धको हिंसा वा विभेदको कारणबाट उत्पन्न कुनै समस्या वा विशेष अवस्थाको बारेमा अध्ययन अनुसन्धान गरी त्यस्तो अवस्था उत्पन्न हुन नदिनको लागि अवलम्बन गर्नु पर्ने रणनीतिहरुको बारेमा नेपाल सरकारलाई सुझाव दिने ।

घ) महिलालाई आत्मनिर्भर बनाउन तथा सशक्तीकरणको लागि पूँजी, स्रोत, साधन र प्रविधिमा महिलाको पहुँच बढाउन आवश्यक उपायहरुबारे सम्बन्धित निकायलाई सिफारिश गर्ने ।

ङ) महिलाको हक हितको संरक्षण र सम्बर्द्धन तथा महिलाको सशक्तीकरणका लागि आवश्यक सूचना, जानकारी एव. चेतनामूलक कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गर्ने ।

च) महिला विरुद्धका सबै प्रकारका हिंसा र विभेद अन्त्य गर्न त्यस्तो हिंसा र विभेद सृजना गर्ने कुरीति र अन्धविश्वास हटाउन आवश्यक कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गर्ने ।

छ) महिला विरुद्धको हिंसा वा विभेदको कारण सामाजिक रुपमा बहिष्करण वा जोखिम वा विस्थापित वा पीडित महिलालाई सुरक्षा केन्द्र वा पुनस्थापना केन्द्रमा पठाउने व्यवस्थाको लागि सिफारिस गर्ने वा गराउने ।

ज) आयोगले गरेका सिफारिसको कार्यान्वयनको अवस्थाको अनुगमन गर्ने वा गराउने ।

झ) सदस्य तथा आयोगको कर्मचारीको लागि आचारसंहिता बनाई लागू गर्ने ।

ञ) आयोगको वार्षिक कार्यक्रम स्वीकृत गर्ने ।

आयोगले सम्पादन गर्दै आएका मुख्य कार्यहरुः

क) महिलाको हक, हित र अधिकारको विषयमा सचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने,

ख) नेपाल सरकार तथा अन्य निकायबाट सञ्चालन भएका महिला विकास सम्बन्धी कार्यक्रमहरुको अनुगमन गर्ने,

ग) महिला सरोकारका क्षेत्रमा अध्ययन, अनुसन्धान गरी सिफारिश गर्ने,


घ) सरोकारवाला निकायहरुसँग साझेदारी तथा समन्वय गर्ने,

ङ) "खबर गरौं ११४५ हेल्पलाइन सेवा" मार्फत् हिंसा पीडित महिलाहरुलाई कानुनी तथा मनोपरामर्श गरी न्यायिक उपचारको लागि सहयोग गर्ने ।

३. आयोगको संगठन तालिका

आयोगको स्वीकृत दरवन्दी र संगठन तालिका देहाय बमोजिम रहेको छः

राष्ट्रिय महिला आयोगको संगठन संरचना



**दरबन्दी तेरिज**

सचिव रा.प. प्र. (प्र) – १
उ.स. रा.प. द्वि. (प्र) –२
उ.स.कानुन रा.प. द्वि – १
प्र.म.वि.अ. – १
शाखा अधिकृत रा.प. तृ –२
कानुन अधिकृत रा.प.तृ –१
शा.अ. स.व.रा.प. तृ –१
ले.अ. रा.प. तृ (सा.प्र)– १
म.वि.अ. रा.प. तृ (विविध) –१
मनोसामाजिक परामर्शदाता – छैटौ÷सातौ –१
ना.सु. रा.प. अनं. प्र. (सा.प्र)– ५
ले.पा. रा.प.अनं. प्र. (प्र) – १
मनोसामाजिक परामर्शदाता. चौथो÷पाचौ–१
म.वि.नि. रा.प. अनं. प्रथम – १
क.अपरेटर रा.प. अन. प्र. विविध –२
हेल्पलाइन अप. –२
ह.स.चा. –७
का.स. – ७

राष्ट्रिय महिला आयोगले संबैधानिक आयोगको हैसियत प्राप्त गरेसंग संगठन तथा व्यवस्थापन सर्भेक्षण -O&M Survery_गरी नेपाल सरकारबाट स्वीकृत भएको दरबन्दी अनुसार आयोगमा हाल कुल ३८ दरबन्दी रहेको छ । जसमा राजपत्रांकित १२, राजपत्र अनंकित १२ र श्रेणीविहीन १४ दरबन्दी रहेको छ । यस अवधिमा कुल दरबन्दीमध्ये राजपत्रांकित ११ पद, राजपत्र अनंकित ९ गरी जम्मा २० पद पूर्ति भएको छ भने विभिन्न श्रेणीका पदमा रहेका अन्य कर्मचारीहरु अन्यत्र कामकाजमा खटिएको अवस्था छ ।

मौजुदा दरबन्दी र पदपूर्तिको अवस्थाः

| **सिं.नं** | **पद** | **श्रेणी/तह** | **सेवा** | **समूह/उपसमूह** | **मौजुदा दरबन्दी** | **पदपूर्ति** | **रिक्त** | **कैफियत** |
|---|---|---|---|---|---|---|---|---|
| १ | सचिव | रा.प.प्रथम | प्रशास | सामान्य | १ | १ | – | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | न | प्रशासन | | | | |
| २ | उपसचिव | रा.प.द्धितीय | प्रशासन | सामान्य प्रशासन | २ | २ | – | |
| ३ | उपसचिव | रा.प.द्धितीय | न्याय | कानून | १ | - | १ | |
| ४ | प्रमुख महिला विकास अधिकृत | रा.प. द्धितीय | विविध | | १ | १ | – | |
| ५ | शाखा अधिकृत | रा.प.तृतीय | प्रशासन | सामान्य प्रशासन | २ | २ | – | |
| ६ | कानून अधिकृत | रा.प.तृतीय | न्याय | कानून | १ | १ | – | |
| ७ | शाखा अधिकृत | रा.प.तृतीय | न्याय | सरकारी वकिल | १ | १ | – | |
| ८ | लेखा अधिकृत | रा.प.तृतीय | प्रशासन | लेखा | १ | १ | – | |
| ९ | महिला विकास अधिकृत | रा.प.तृतीय | विविध | | १ | १ | – | |
| ११ | मनोसामाजिक परामर्शदाता | छैटौं/सातौं | स्वास्थ्य | | १ | ! | – | sfdsfh |
| १२ | नायब सुब्बा | रा.प.अनं प्रथम | प्रशासन | सामान्य प्रशासन | ५ | ५ | - | |
| १३ | लेखापाल | रा.प.अनं प्रथम | प्रशासन | लेखा | १ | १ | – | |
| १४ | मनोसामाजिक परामर्शदाता | चौथो/पाँचौं | स्वास्थ्य | | १ | १ | - | sfdsfh |
| १५ | महिला विकास निरिक्षक | रा.प.अनं प्रथम | विविध | | १ | १ | - | काज |
| १६ | कम्प्यूटर अपरेटर | रा.प.अनं प्रथम | विविध | | २ | २ | - | |
| १७ | हेल्पलाईन अपरेटर | रा.प.अनं प्रथम | विविध | | २ | – | २ | |
| १८ | हलुका सवारी चालक | श्रेणी विहिन | | | ७ | ७ | – | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| १९ | का.स./माली /स्वीपर/गार्ड | श्रेणी विहिन | | | ७ | ७ | – | |
| | **hDdf** | | | | **३८** | **३५** | **३** | |

आयोगमा घरेलु हिंसा, महिला माथिको हिंसा, दुव्र्यवहार, शोषण तथा विभेदमा परेका महिला तथा बालिकाहरुलाई तत्काल सेवा प्रदान गर्ने उद्देश्यले नेपाल सरकारबाट अस्थायी दरबन्दी स्वीकृत गरी नेपाल सरकारकै बजेटबाट "खबर गरौं ११४५ हेल्पलाइन सेवा"सञ्चालन गरिएको छ । उक्त सेवा सञ्चालनका लागि निम्न पदहरुमा कर्मचारीहरु करार सेवामा नियुक्ती भई कार्यरत रहेका छन् ।

| क्रम संख्या | पद | संख्या | कैफियत |
|---|---|---|---|
| १ | सूचना प्रविधि अधिकृत (रा.प.तृतीय) | १ | |
| २ | कानुन अधिकृत (रा.प.तृतीय) | २ | |
| ३ | मनोसामाजिक विमर्शकर्ता (रा.प.तृतीय) | १ | |
| ४ | हेल्पलाइन अपरेटर (रा.प.अनं. प्रथम) | १० | |
| ५ | कार्यालय सहयोगी (श्रेणी विहिन) | २ | |
| ७ | ह.स.चा.= (श्रेणी विहिन) | ! | |
| | **जम्मा** | **१७** | |

४. आयोगको शाखागत कार्य विवरण

आयोगमा रहेका शाखाहरुबाट निम्न बमोजिम कार्य सम्पादन हुने गरी जिम्मेवारी तोकिएको छ ।

प्रशासन तथा योजना शाखा

- अन्य शाखाहरुसँगको समन्वयमा व्यवस्थित रुपमा कार्यालय सञ्चालन गराउने,
- आयोगको सवारी साधन लगायत भौतिक स्रोत साधनको संरक्षण तथा व्यवस्थापन गर्ने,
- कर्मचारीहरुको व्यक्तिगत विवरण व्यवस्थापन सम्बन्धी कार्य,
- कार्यालयको दैनिक कार्य सञ्चालन गर्ने सम्बन्धी कार्य,
- तालिम,गोष्ठी, सेमिनार, बैठक सम्बन्धी कार्य,
- पुरस्कार तथा विभागीय सजाय सम्बन्धी कार्य,
- आयोगमा रहेका कर्मचारीको व्यवस्थापन सम्बन्धी कार्य,
- आयोगको मासिक, चौमासिक र वार्षिक प्रतिवेदन तयार गर्ने सम्बन्धी कार्य,
- पुस्तकालय व्यवस्थापन सम्बन्धी कार्य,
- सूचना केन्द्रको व्यवस्थापन तथा अध्ययन अनुसन्धानसँग सम्बन्धी सामग्रीको संकलन र अभिलेख व्यवस्थापन गर्ने,
- नागरिक वडापत्र÷गुनासा सम्बन्धी कार्य,
- खरीद गर्नुपर्ने सामानको सिफारिस गर्ने सम्बन्धी कार्य,
- आयोगको वार्षिक तथा आवधिक कार्ययोजना र रणनीतिक योजना तर्जुमा सम्बन्धी कार्य,
- वार्षिक बजेट योजना तथा कार्यक्रम तयारी गर्ने,
- आयोगबाट प्रकाशन गरिने सामग्रीको उत्पादन, प्रकाशन र वितरण योजना तयार गर्ने,
- स्वीकृत वार्षिक कार्यक्रमको कार्ययोजना (Work Plan)कार्यान्वयन तथा अनुगमन निमित्त सुचकाङ्कहरु तथा लक्ष्य निर्धारण सम्बन्धी कार्य,
- आयोगका कर्मचारीहरुको क्षमता र वृत्ति विकास गर्ने सम्बन्धी कार्य,
- तथ्याङ्क संकलन र व्यवस्थापन, सूचना संकलन, संग्रह, अभिलेखन र सम्पादन सम्बन्धी कार्य गर्ने,
- हिंसा पीडित महिलालाई सहयोग पु¥याउन सञ्चालित खबर गरौं ११४५ हेल्पलाईन सेवा व्यवस्थापन सम्बन्धी कार्य,
- अन्य शाखाको कार्य विवरणमा नपरेको कार्यहरु गर्ने ।

ख) महिला विकास समन्वय शाखा

- स्थानीयतहमामहिलाविकाससम्बन्धीकार्यकोव्यवस्थापनगर्नएकाइ, जनशक्तिको व्यवस्थापन र कार्यक्रमको कार्यान्वयनको अवस्थाको अनुगमन गर्ने,
- लैङ्गिक सम्पर्क बिन्दुहरुको अवस्थाको लेखाजोखा गर्ने, लैङ्गिक सम्पर्क बिन्दुबाट भएका कार्यहरुको कार्यान्वयन पक्षको अनुगमन तथा समीक्षा गरी भूमिका प्रभावकारी बनाउन पृष्ठपोषण गर्ने सम्बन्धी कार्य,
- महिला तथा किशोरीमाथि हुने तथा भइरहेको हिंसा नियन्त्रणको लागि निरोधात्मक, उपचारात्मक कार्यक्रमहरु सम्बन्धी कार्य,

- महिला हिंसा नियन्त्रणको लागि सरोकारवाला निकायसँग समन्वय तथा सहकार्य गरी निरन्तर अनुगमन गरी प्रतिवेदन तयार गर्ने कार्य,
- महिलाहरुको आर्थिक सशक्तीकरणका लागि पूँजी, स्रोत साधन र प्रविधिमा पहुँच तथा आत्मनिर्भर, रोजगारी तथा उद्यमशीलता प्रवद्र्धनको लागि सम्बन्धित सरोकारवाला निकायसँग निरन्तर छलफल तथा समन्वय गर्ने कार्य,
- लैङ्गिक समानता, महिला सशक्तीकरण तथा लैङ्गिक समानता, महिला सशक्तीकरण तथा लैङ्गिक समानता, महिला सशक्तीकरण तथा लैङ्गिक हिंसा निवारणका लागि पुरुष, किशोरकिशोरीहरु, अभिभांवकहरुको सहभागिता बढाउने कार्यक्रमहरु सञ्चालन गर्न सम्बन्धित निकाय तथा स्थानीयतहसँग समन्वय तथा सहकार्य सम्बन्धी कार्य,
- विपद् व्यवस्थापन तथा प्रतिकार्यका सम्बन्धमा महिला तथा संकटापन्न समूहको विशेष संरक्षणको सम्बन्धमा गरिएका कार्यहरुको अनुगमन तथा पृष्ठपोषण सम्बन्धी कार्य,
- नेपालको संविधानमा महिला हक अधिकारसँग सम्बन्धित प्रावधान तथा व्यवस्था अनुसार महिला सशक्तीकरण तथा लैङ्गिक मूलप्रवाहीकरण सम्बन्धी नीति, कार्यक्रमको विवरण संकलन सम्बन्धी कार्य,
- लैङ्गिक समाानता तथा सशक्तीकरणका लागि बाधकको रुपमाा रहेका प्रथा, परम्परा, कुरीति विरुद्धका अभियान आमसहभागितामा सञ्चालन गर्ने गरी आवश्यक कार्यक्रम तर्जुमा र कार्यान्वयन गर्ने सम्बन्धी कार्य,
- महिला हिंसा निवारणका लागि अल्पकालीन तथा दीर्घकालीन आश्रयसेवा प्रदान गर्ने तथा मनोसामाजिक विमर्शसेवा प्रदान गर्ने संस्थाहरुको विवरण अद्यावधिक गरी पीडितलाई सेवा आवश्यक भएको अवस्थामा सेवा प्रवाहका लागि कार्यरत संस्था तथा सम्वन्धित स्थानीयतहमा समन्वय गर्ने,
- महिला विकाससँग सम्वन्धित विभिन्न समसामयिक विषयमा अनुसन्धान गर्न गराउन सरोकारवाला निकायसँग समन्वय गर्नुका साथै स्वीकृत कार्यक्रम सञ्चालन गर्ने,
- महिला केन्द्रित अर्थतन्त्र,महिलाको व्यवसायिक सीप, क्षमता विकास तथा बजार व्यवस्थापन सम्बन्धमा अध्ययन तथा अनुसन्धान सम्बन्धी कार्यहरु,

ग) नीति निर्माण, अन्तर्राष्ट्रिय प्रतिवेदन तयारी र सिफारिस कार्यान्वय शाखा

- महिलाकोहककहितसँगसम्वन्धितकानूनवानेपालपक्षराष्ट्रभएकोअन्तर्राष्ट्रियसन्धिसम्झौताकोपूर्णरप्रभावकारीपालनाकासाथैअन्तर्गतकोदायित्वकार्यान्वयनभएनभएकोसम्बन्धमा नियमित अनुगमन गरी सही कार्यान्वयनका लागि उपाय सहित नेपाल सरकारका लागि सुझाव तयार गर्ने,
- महिला अधिकारसँग सम्बन्धित नेपाल पक्षराष्ट्र भएको अन्तर्राष्ट्रिय सन्धि वा सम्झौतामा भएको व्यवस्था अनुसार नेपालले पठाउनु पर्ने प्रतिवेदन तयारीका सम्बन्धमा नेपाल सरकारका लागि सुझाव तयार गर्ने कार्य,

- नेपाल पक्षराष्ट्र भएका सन्धि सम्झौताको नियमित प्रतिवेदन तथा प्रतिवेदनमाथि सरकारलाई दिइएका सुझाव तथा निष्कर्षको विवरण अधावधिक गर्ने सम्बन्धी कार्य,
- महिला सशक्तीकरणको सम्बन्धमा आवश्यक नीति तथा कानून निर्माण तथा कार्यान्वयनका विषयमा अन्य सम्बन्धित मन्त्रालय/निकायसँग सञ्चार, समन्वय र सहकार्य गर्ने कार्य,
- आयोगको कार्यक्षेत्रसँग सम्वन्धित विषयमा आवश्यक नीति र कानून निर्माण गर्न अध्ययन अनुसन्धान गरी प्रतिवेदन तयार गर्ने सम्बन्धी कार्य,
- आयोगले सम्पन्न गरेका कामहरुको विश्लेषण तथा भावी कार्यदिशाका सम्बन्धमा आवश्यक सुझाव तयार पार्ने सम्बन्धी कार्य,
- सञ्चार माध्यममा प्रकााशित महिला सरोकारका समाचारहरुको विश्लेषण गरी आवश्यक नीतिगत सुझाव तयार गर्ने सम्बन्धी कार्य,
- सञ्चार माध्यम एवं महिला सरोकारका क्षेत्रमा कार्यरत संघसंस्थाहरुको विवरण अद्यावधिक गर्ने सम्बन्धी कार्य ।

घ) उजुरी तथा मुद्दा व्यवस्थापन शाखा

- आयोगविरुद्धपरेकारिटनिवेदनसम्बन्धीकार्य,
- आयोगलाई आवश्यक परेको विषयमा कानूनी राय दिने सम्बन्धी कार्य,
- आवश्यक कानून निर्माण सम्बन्धी कार्य,
- आयोग र हेल्पलाइन अन्तर्गतका उजुरी व्यवस्थापन सम्बन्धी कार्य,
- आयोगमा प्राप्त हुन आएको उजुरी दर्ता, कार्वाही र प्रारम्भिक छानविन सम्बन्धी कार्य,
- उजुरी व्यवस्थापनको व्रmममा आवश्यकता अनुसार सम्वन्धित निकायहरुमा समन्वयका लागि सिफारिस र आदेश तयार गरी पेश गर्ने,
- कानून बमोजिम मेलमिलाप गराउने सम्बन्धी कार्य,
- उजुरी सिफारिसको अनुगमन सम्बन्धी कार्य,
- नीति निर्माण, कानून निर्माण तथा राष्ट्रिय एवं अन्तर्राष्ट्रिय प्रतिबद्धता कार्यान्वयनको विषयमा कानूनी राय प्रदान गर्ने सम्बन्धी कार्य,
- तत्कालीन घटना अनुगमन गरी सोको अनुसन्धान गर्ने र मुद्दा दायर गर्नुपर्ने तथा महिला हिंसा र महिला अधिकार प्रयोग गर्न नदिएको विषयमा मुद्दा दायर गर्ने सम्बन्धी कार्य,
- पीडितका लागि आवश्यक मनोसामाजिक परामर्श, निःशुल्क कानूनी सहायता, अल्पकालीन तथा दीर्घकालिन आश्रय तथा पुर्नस्थापना जस्ता सेवाका लागि सिफारिस गर्ने सम्बन्धी कार्य,
- महिला हिंसा नियन्त्रणका लागि सरोकारवाला निकायसँग समन्वय तथा सहकार्य गरी निरन्तर अनुगमन तथा मूल्याङ्कन गर्ने कार्य,

- महिलासँग सम्वन्धित कानूनी व्यवस्था र सोको कार्यान्वयन सम्बन्धमा अध्ययन, अनुसन्धान सम्बन्धी कार्य,
- महिलाका हक हितसँग सम्बन्धित नीति तथा कानूनहरुको अध्ययन, अनुसन्धान तथा लैङ्गिक विश्लेषण गरी सरकार समक्ष पेश गर्न सुझाव तयार गर्ने सम्बन्धी कार्य,
- महिला हिंसाका घटनासँग सम्वन्धित सूचनाहरुको अभिलेखीकरण र अध्ययन गर्ने गराउने सम्बन्धी कार्य,
- पीडितसँग आश्रित बालबालिका विशेष सेवा सम्बन्धी कार्य ।

ङ. आर्थिक प्रशासन शाखा

- आयोगकोवार्षिकबजेटतर्जुमामासहयोगगर्ने,
- निकासा एवं खर्चको प्रबन्ध मिलाउने,
- निकासा रकमको खर्च हिसाब रीतपूर्वक राख्ने,
- खर्चको फाँटवारी तथा आर्थिक विवरण कार्यालय प्रमुखबाट स्वीकृत गराई सम्बन्धित निकायमा तोकिएको समयभित्र पठाउने र लेखापरीक्षण गराउने,
- आयोगका कार्यक्रमहरुको आर्थिक पक्षको अनुगमन गर्ने,
- पेश्की बेरुजुको लगत राख्ने, सम्परीक्षण गराउने एवं पेश्की फछ्र्यौट गर्ने र अद्यवधिक गराउने,
- आय व्ययको आन्तरिक एवं अन्तिम लेखापरीक्षण गर्ने, गराउने,
- आयोगको आर्थिक कारोबारसम्बन्धमा कार्यालय प्रमुख तथा अन्य शाखालाई राय प्रदान गर्ने।
-

५ आयोगबाट प्रदान गरिने सेवाः

यस आयोगले निम्न प्रकारको सेवाहरु प्रदान गर्दै आइरहेको छ ।

- महिलासँगसम्बन्धितकानूनीव्यवस्थाकोअध्ययनअनुसन्धानगरीत्यसमागर्नुपर्नेसुधारकासम्बन्धमानेपालसरकारलाईसुझावदिनेरअनुगमनगर्ने,
- नेपाल सरकार पक्षधर भएको अन्तर्राष्ट्रिय सन्धि सम्झौतामा नेपालले पठाउनु पर्ने प्रतिवेदनको सम्वन्धमा नेपाल सरकारलाई सहयोग पुर्‍याउने र सुझाव दिने,
- लैङ्गिक बजेट विनियोजन भए नभएको, महिला मैत्री वातावरण भए नभएको अनुगमन गरी नेपाल सरकारलाई प्रतिवेदन उपलब्ध गराउने,
- घरेलु हिंसा र महिला हिंसामा परेका पीडित महिलाहरुको उजुरी लिइ दुई पक्षबीच छलफल गराई आवश्यक प्रक्रिया अघि बढाउने । यसका साथै आयोगले विभिन्न संघसंस्थाहरुसँग समन्वय गरेर निम्नानुसारको थप सेवा पनि प्रदान गर्दै आइरहेको छ ।

मनोसामाजिकपरामर्शसेवाः पीडितहरुलाई निजको स्थिति सामान्य गर्न मनोसामाजिक परामर्श सेवा सञ्चालन गरिएको छ ।

कानूनी परामर्श सेवाः आयोगमा पीडितहरुको लागि निशुल्क कानुनी सेवा समेत उपलब्ध गराउन गरिएको छ ।

अल्पकालीन आश्रय सेवाः घर परिवारमा मिलेर बस्न नसक्ने पीडितहरुको सुरक्षालाई ध्यानमा राखी अल्पकालीन आश्रयस्थलको समेत व्यवस्था गरिएको छ ।

आकस्मिक सहायताः पीडितहरुलाई ध्यानमा राखी तत्काल औषधीउपचार, घरसम्म जान यातायात खर्च तथा खानपिनको लागि न्यूनतम सहयोग गर्दै आइरहेको छ ।

६. सेवा प्रदान गर्ने निकायको शाखा र जिम्मेवार अधिकारी

| क्रम संख्या | शाखा | पद | जिम्मेवार कर्मचारी | कैफियत |
|---|---|---|---|---|
| १ | प्रशासन तथा योजना शाखा | उपसचिव<br>शाखा अधिकृत<br>शाखा अधिकृत/सूचना अधिकारी | भूपेन्द्र पाण्डेय<br>शुशिला पंथ<br>चन्द्रा थापा | |
| २ | उजुरी तथा मुद्धा व्यवस्थापन शाखा | उपसचिव (कानुन)<br>शाखा अधिकृत (सरकारी वकिल) | उषा गजमेर | |
| ३ | नीति निर्माण, अन्तर्राष्ट्रिय प्रतिवेदन तयारी र सिफारिस कार्यान्वयन शाखा | उपसचिव<br>कानुन अधिकृत | सीता निरौला<br>आश्रृती पोखरेल | |
| ४ | महिला विकास समन्वय शाखा | प्रमुख महिला विकास अधिकृत<br>महिला विकास अधिकृत | सीता अधिकारी<br>रोशनी श्रेष्ठ | |
| ५ | आर्थिक प्रशासन शाखा | लेखा अधिकृत | श्रीभद्र गौतम | |

७. सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधि

आयोगमा उजुरी दर्ता गर्दा कुनै किसिमको शुल्क लाग्ने छैन ।

८. निर्णय गर्ने प्रक्रिया र अधिकारी

नेपालको संविधान, राष्ट्रिय महिला आयोग ऐन, २०७४ र अन्य प्रचलित कानून बमोजिम आफूलाई प्राप्त अधिकार बमोजिम तोकिएको शर्तको अधीनमा रही अधिकारको प्रयोग र पालना गर्ने गरी निर्णय गरिन्छ ।

९. निर्णय उपर उजुरी सुन्ने अधिकारी

आयोगका अध्यक्ष तथा सदस्यहरु र आयोगका सचिव

१०. सम्पादन गरेको कामको विवरण

आयोगले आ.व.२०८०/०८१ को कार्तिक १ देखि पौष मसान्तसम्मको त्रैमासिक अवधिमा आयोगबाट सम्पन्न भएका मुख्य कार्यक्रम, अनुगमन तथा अन्य गतिविधिहरु देहाय बमोजिम रहेका छन्:

(क) अन्तर्क्रिया कार्यक्रमः

१. २०८० कार्तिक १७ गते लमजुङको बेंसी सहरमा राष्ट्रिय महिला आयोगको आयोजनामा आयोगको अध्यक्ष कमला पराजुलीको अध्यक्षतामा स्थानीय तहमा न्यायिक समिति तथा पदाधिकारीहरु पदाधिकारी वीच लैंगिक हिंसा निवारण असल अभ्यास र न्यायमा पहुँच सम्बन्धी अन्तर्क्रिया कार्यक्रम सम्पन्न भयो। आयोगका माननीय सदस्य कृष्ण कुमारी पौडेल खतिवडाले कार्यक्रमको उदेश्य माथि प्रकाश पार्दै स्वागत मन्तव्य राख्नुभएको थियो।गण्डकीप्रदेशसभासदस्यभेषबहादुरपौडेलकोप्रमुखआतिथ्यमासञ्चालितकार्यक्रममा विशेषअतिथिकोरुपमालमजुङ्गजिल्लासमन्वयसमितिप्रमुख पूर्ण बहादुर गुरुङ्ग , जिल्ला न्यायाधीश, प्रमुख जिल्ला अधिकारी, गाँउपालिका अध्यक्ष , उपाध्यक्ष तथा न्यायिक समितिको पदाधिकारीहरु, वडा अध्यक्षहरु, राजनीतिक पार्टीको प्रतिनिधि , प्रमुख जिल्ला अधिकारी, प्रहरी प्रमुख, कानुन व्यवसायी, सञ्चारकर्मी, जिल्ला अस्पतालकाको प्रतिनिधि, सेफ हाउसका प्रतिनिधि लगायत बिभिन्न क्षेत्रका ९० भन्दा वढी सभागी सहित प्रभावकारी ढंगले कार्यक्रम सम्पन्न भएको थियो।
२. २०८० कार्तिक १९ गते राष्ट्रिय महिला आयोगको आयोजनामा हिमाल पारीको जिल्ला मनाङको चाँमेमा " महिला हिँसा निवारणको लागि सचेतना र उत्प्रेरणा " कार्यक्रम सम्पन्न भयो।राष्ट्रियमहिलाआयोगकोमाननीयअध्यक्षकमलापराजुलीकोअध्यक्षतामासञ्चालितउक्त कार्यक्रममामाननीय कृष्ण कुमारी पौडेल खतिवडाले कार्यक्रमको उद्देश्य सहित स्वागत मन्तव्य राख्नुभएको थियो।करिव१००जनासहभागीहरुकोउपस्थितिमासम्पन्नउक्तकार्यक्रममाचाँमेगाँउपालिका

अध्यक्षलोकेन्द्रबहादुरघले, गाँउपालिका उपाध्यक्ष मिंग्मार डोमा लामा, मनांगका प्रमुख जिल्ला अधिकारी सुप्रभा ढुंगेल (खनाल), वडा अध्यक्षहरु, जिल्ला प्रहरी प्रमुख, जिल्ला अस्पतालका डाक्टर, आमा समूहका प्रतिनिधिहरु, शिक्षक- विद्यार्थी तथा सामाजिक कार्यकर्ता समेतको उपस्थिति रहेको सो कार्यक्रममा जिल्ला महिलाको अवस्था र शसक्तिकरणका विषयमा छलफल भएको छ ।

३. राष्ट्रिय महिला आयोग तनहुँको दमौलीमा सूरक्षा निकायसंग २०८० कार्तिक २१ गते राष्ट्रिय महिला आयोगको आयोजनामा तनहुँको दमौलीमाराष्ट्रिय महिला आयोगको अध्यक्ष कमला पराजुलीको अध्यक्षतामा गण्डकी प्रदेशका आर्थिक मामला मन्त्री माननीय जित प्रकाश आले मगरको प्रमूख आतिथ्यतामा विशेषअतिथी जिल्ला समन्वय प्रमूख शान्ति रमण वाग्लेर अतिथिहरु तनहुँ जिल्लाको प्रमूख जिल्ला अधिकारी छविलाल रिजाल, जिल्ला समन्वय उपप्रमुख, व्यास नगरपालिकाको प्रमुख उपप्रमुख, जिल्लास्थित सूरक्षा निकायका प्रमुखहरुरहनु भई जिल्ला न्यायाधिवक्ता, सरकारी अस्पतालको एकद्वार शंकट व्यवस्थापन केन्द्र (OCMC)को डाक्टर , सूरक्षित आश्रय गृहका प्रतिनिधि, राजनैतिक पार्टी - संगठन र सामाजिक क्षेत्रका प्रतिनिधि र सञ्चारकर्मी सहितको उपस्थितिमा "महिला हिंसा निवारणको लागि सूरक्षा निकायसंग योजना बैठक तथा अन्तर्क्रिया कार्यक्रम" सम्पन्न भएको छ ।

४. मिति २०८०।०७।२१ गते राष्ट्रिय महिला आयोगको आयोजनामा नुवाकोट जिल्लाको विदुरस्थित जिल्ला समन्वय समितिको हलमा महिला हिंसा निवारणको अभियानलाई प्रभावकारी बनाउन सामाजिक तथा राजनीतिक युवाहरुसँग अन्तरक्रिया कार्यक्रम सम्पन्नभयो । कार्यक्रममा राष्ट्रिय महिला आयोगका माननीय सदस्य सावित्रा कुमारी शर्माज्यूले कार्यक्रमको अध्यक्षता ग्रहण गर्नु भएको थियो । प्रमुख अतिथीको रुपमा जिल्ला समन्वय समितिका प्रमुख श्री रजिन्द्र विक्रम सिंह ठकुरी र विशेष अतिथीको रुपमा जिल्ला समन्वय समितिका उपप्रमुखश्री कुलमान वि.क.ज्यू तथा प्रमुख जिल्ला अधिकारी सुरेन्द्र पौडेलज्यूको उपस्थिति रहेको थियो । कार्यक्रममा राजनीतिक तथा सामाजिक क्षेत्रका युवाहरु, महिला अधिकारकर्मीहरु, पत्रकारहरु, समाजसेवीहरु लगायतका सरोकारवालाहरुको उपस्थिति रहेको थियो । कार्यक्रममा सघन रुपमा विषयवस्तुहरु माथि छलफल र सैद्धान्तिक सहमती भएको थियो । राष्ट्रिय महिला आयोगका उपसचिव श्री सीता अधिकारीद्वारा अन्तरक्रियामा सहजीकरण सहितको कार्यपत्र प्रस्तुत भएको थियो ।

५. राष्ट्रिय महिला आयोगको आयोजनामा मिति २०८०/०८/०८ गते रामेछाप जिल्लाको मन्थलीमा विद्यालयस्तरमा हुने महिला हिंसा न्यूनीकरणका लागि शिक्षक, बिधार्थी र बिद्यालय व्यवस्थापन समितिका पदाधिकारीहरुसंगअभिमुखीकरण तथा अन्तर्क्रिया कार्यक्रमआयोगका माननीय सदस्य कृष्ण कुमारी पौडेल खतिवडाज्यूको अध्यक्षतामा सम्पन्न भएको छ । कार्यक्रममा प्रतिनिधि सभासदस्य माननीय पूर्ण बहादुर थापा प्रमुख अतिथि रहनु

भएको थियो । कार्यक्रममा मन्थली नगरपालिकाका प्रमुख लव श्रेष्ठ, उपप्रमुख इश्वरी बस्नेत, प्रमुख जिल्ला अधिकारी अनिता निरौलाज्यू, प्रहरी नायव उपरीक्षक होम बहादुर पराजुली, मन्थलीमा वि, भैरव मा वि र नागकन्या मा वि का शिक्षक, विधार्थी र विद्यालय व्यवस्थापन समितिका पदाधिकारीहरु र सञ्चारकर्मीहरुको उपस्थिति रहेको थियो।

६. "Unite! Invest to Prevent Violence Against Women and Girls " "लैङ्गिक हिंसा अन्त्यको सुनिश्चितता: महिला र बालबालिकामा लगानीको ऐक्यवद्धता" भन्ने नाराको साथ विश्वव्यापी रुपमा सञ्चालन भईरहेको लैङ्गिक हिंसा विरुद्धको १६ दिने अभियानको सन्दर्भमा राष्ट्रिय महिला आयोगद्वारा मिति २०८०।८।१० गते अभियान शुभारम्भ कार्यक्रम राष्ट्रिय महिला आयोगका माननीय अध्यक्ष कमला कुमारी पराजुलीज्यूको अध्यक्षतामा सम्पन्न भयो । कार्यक्रममा माननीय अर्थमन्त्री डा. प्रकाश शरण महतज्यू प्रमुख अतिथीको रुपमा उपस्थित हुनु भई सम्बोधन गर्नु भयो । अभियान शुभारम्भ समारोहको उद्देश्य सहित राष्ट्रिय महिला आयोगका माननीय सदस्य कृष्ण कुमारी पौडेल खतिवडाज्यूले स्वागत मन्तव्य व्यक्त गर्नु भएको थियो । संवैधानिक निकायका माननीय सदस्यज्यूहरु, संवैधानिक निकायका सचिवज्यूहरु, विभिन्न मन्त्रालयका लैङ्गिक सम्पर्क व्यक्तिहरु, गैरसरकारी एवं सामाजिक संघसंस्थाका प्रतिनिधीहरु र सञ्चारकर्मी तथा अधिकारकर्मीहरुको उपस्थिती रहेको कार्यक्रममा लैङ्गिक हिंसा न्युनिकरणमा संलग्न सरोकारवालाहरुलाई उत्प्रेरित गर्ने गरी विज्ञ स्रोत व्यक्ती डा. राजु अधकारीले उत्प्रेरणात्मक प्रवचन गर्नु भएको थियो भने राष्ट्रिय मानव अधिकार आयोगका माननीय सदस्य लिली थापाज्यू, राष्ट्रिय योजना आयोगका सदस्य माननीय अनिता ढुङ्गानाज्यू, निर्वाचन आयुक्त माननीय जानकी तुलाधरज्यू लगायतका वक्ताहरुले मन्तव्य राख्नु भएको थियो ।

७. मिति२०८०/८/१५गतेराष्ट्रियमहिलाआयोगकोआयोजनामालैङ्गिकहिंसान्युनिकरणकालागि सचेतनाउत्प्रेरणाकार्यक्रमआयोगकामाननीयअध्यक्षकमलाकुमारीपराजुलीकोअध्यक्षतामा सम्पन्नभयो।कार्यक्रमखगेन्द्रनवजीवन केन्द्र जोरपाटीको हलमा सम्पन्न भयो । कार्यक्रमको उद्देश्य सहित स्वागत मन्तव्य आयोगका माननीय कृष्ण कुमारी पौडेल खतिवडाले गर्नु भएको थियो । कार्यक्रममा अपाङ्गता भएका व्यक्तिहरु, समाजसेवीहरुको सहभागिता थियो । अपाङ्गता बहुआयामिक सरोकारवालाहरुको उपस्थित थियो । अपाङ्गता महिला माथि हुनेहिंसा अन्त्य गर्ने उद्देश्यले आयोजना गरिएको यो कार्यक्रममा अपाङ्गता भएका महिलाहरुको महासंघका अध्यक्षका निर्मला धिताल, प्रहरी नायव उपरिक्षक श्री राजु पाण्डेद्वाराकार्यपत्र प्रस्तुती सहित सहजीकरण भएको थियो । कार्यक्रममा माननीय सदस्य सावित्रा कुमारी शर्माले धन्यवाद ज्ञापन मन्तव्य व्यक्त गर्नु भए पछि कार्यक्रमका अध्यक्ष एवं राष्ट्रिय महिला आयोगका माननीय अध्यक्ष कमला कुमारी पराजुलीद्वारा कार्यक्रमको औपचारिक समापन भएको थियो।

८. लैंगिक हिंसा विरुद्धको १६दिने अभियानको सन्दर्भमा मिति २०८०/०८/१८ गते पाँचथर जिल्लाको फिदिम नगरपालिकामा राष्ट्रिय महिला आयोगको माननीय सदस्य कृष्ण कुमारी पौडेल खतिवडाको अध्यक्षतामा फिदिम नगरपालिकाको प्रमुख श्री मित्र प्रसाद काफ्लेज्यूको प्रमुखआतिथ्यता, नगर उपप्रमुख, प्रमुख जिल्ला अधिकारी ज्यू, प्रहरी नायब उपरीक्षक, राष्ट्रिय अनुसन्धान कार्यालयका डि एस पि, हिमशिखर गुल्मका गणपति, नगरपालिकाको पूर्व उपप्रमुख, प्रमुख प्रशासकीय अधिकृत, नेपाली काँग्रेस जिल्ला कार्यसमितिकोसभापतिको आतिथ्यतामा "महिला हिंसा न्यूनीकरणका लागि सचेतना तथा उत्प्रेरणा" कार्यक्रम सम्पन्न गरियो ।कार्यक्रममा वडाअध्यक्षहरू, न्यायिक समितिका सदस्यहरू,पाँचथर क्याम्पसको प्रमुख, महिला बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रको प्रमुख तथा प्रहरी अधिकृत, नेपाल उद्योग बाणिज्य महासंघको पूर्व जिल्ला अध्यक्ष, नगरपालिकाका महिला बालबालिका शाखाको प्रमुख तथा अन्य कर्मचारी, जिल्लास्थित अन्तर पार्टी महिला सञ्जालका प्रतिनिधि, गैर सरकारी संस्थाका प्रतिनिधि, ज्येष्ठ नागरिक सेवा आश्रमको प्रमुख, सञ्चारकर्मी तथा पत्रकारहरूको सहभागिता रहेको थियो।

९. बाजुरा : हानिकारक अभ्यास बिरुध्द अन्तर्क्रिया लैंंगिकहिंसाविरुद्धको१६दिनेअभियानको१०औंदिन, राष्ट्रियमहिलाआयोगकोआयोजनामा२०८०मंसिर१८गतेसुदुरपश्चिमप्रदेशकोबाजुराजिल्लासदरमुकाममार्तडीमासमाजमाविद्यमानहानिकारक अभ्यासको कारण लैंगिक विभेद र हिंसा बढीरहेको अवस्थामा त्यस्ता कुसंस्कारको अन्त्य समतामूलक समाजको निर्माण र महिला शसक्तिकरणका लागि सु.प. प्रदेश सभा सदस्य जुना दानीको प्रमूख आतिथ्यतामा जिल्ला समन्वय समिति प्रमुख तुलसीराम रोकायको विशेष आतिथ्यता र बडिमालिका नगरपालिका लगायत जिल्लाका अन्य नगरपालिकाका प्रमुख-उपप्रमुख, गाँउपालिका का प्रमुख -उपप्रमुख, जिल्ला न्यायाधीश, प्रमुख जिल्ला अधिकारी, प्रहरी प्रमुख, जिल्ला न्यायाधिवक्ता, नेपाल बार , वैतनिक कानून व्यवसायी, NGO फेडेरेसन जिल्ला अध्यक्ष, पत्रकार महासंघका जिल्ला अध्यक्ष, सूरक्षाकर्मी र सञ्चारकर्मीहरु, मानव अधिकार तथा महिला अधिकारकर्मी , सूरक्षित आश्रय गृहका प्रतिनिधि, OCMC ईन्चार्ज बाल अधिकार सञ्जाल, शिक्षक, अभिभावक लगायत सबै सरोकारवाला निकायको प्रतिनिधीहरु सहितको सुझाव, मन्तव्य र सक्रिय सहभागीतामा अन्तर्क्रिया कार्यक्रम सम्पन्न भएको छ।

१०. अछाम : लैंगिक हिंसा बिरुद्ध १६ दिने अभियानको ११ औं दिन समाजमाविद्यमानहानिकारकअभ्यासबिरुध्दअन्तर्क्रियालैंगिकहिंसाविरुद्धको१६दिनेअभियानकोसन्दर्भमाराष्ट्रियमहिलाआयोगकोआयोजनामा२०८०मंसिर१९गतेसुदुरपश्चिमप्रदेशको अछाम जिल्ला सदरमुकाम मंगलसेनमा समाजमा विद्यमान हानिकारक अभ्यासको कारण लैंगिक विभेद र हिंसा बढिरहेको अवस्थामा त्यस्ता कुसंस्कारको अन्त्य समतामूलक समाजको निर्माण र महिला शसक्तिकरणका लागि अछाम जिल्लाका प्रतिनिधि सभा सदस्य पुष्प बहादुर शाहको प्रमूख

आतिथ्यतामा , अछामबाटै निर्वाचित प्रदेश सभा सदस्यरु मेघराज खड्का , जिल्ला समन्वय समिति प्रमुखको विशेष आतिथ्यता र मंगलसेन नगरपालिका लगायत जिल्लाका अन्य नगरपालिकाका प्रमुख–उपप्रमुख, गाँउपालिका का प्रमुख –उपप्रमुख, जिल्ला न्यायाधीश, प्रमुख जिल्ला अधिकारी, प्रहरी प्रमुख, जिल्ला न्यायाधिवक्ता, नेपाल बार , वैतनिक कानून व्यवसायी, NGO फेडेरेसन जिल्ला अध्यक्ष, पत्रकार महासंघका जिल्ला अध्यक्ष, जिल्लास्थित सूरक्षा निकाय प्रमुखहरू र सञ्चारकर्मीहरु, मानव अधिकार तथा महिला अधिकारकर्मी , सूरक्षित आश्रय गृहका प्रतिनिधि, OCMC ईन्चार्ज बाल अधिकार सञ्जाल, जिल्ला स्थित विकास साझेदार संस्थाका प्रतिनिधिहरु, शिक्षक, अभिभावक लगायत सबै सरोकारवाला निकायको प्रतिनिधीहरु सहितको सुझाव, मन्तव्य र सक्रिय सहभागीतामा अन्तर्क्रिया कार्यक्रम सम्पन्न भएको छ।

११. लैंगिक हिंसा विरुद्धको १६ दिने अभियानको सन्दर्भमा मिति २०८०/०८/१९ गते इलाम जिल्लाको आदर्श उच्च माध्यमिक विद्यालयमाराष्ट्रियमहिलाआयोगकोमाननीयसदस्यकृष्णकुमारीपौडेलखतिवडाकोअध्यक्षतामाइलामनगरपालिकाकोकार्यवाहकनगरप्रमुखश्रीबिष्णुकुमारीलिम्बुज्यूको प्रमुख आतिथ्यता, प्रमुख जिल्ला अधिकारी, प्रहरी उपरीक्षक, राष्ट्रिय अनुसन्धान जिल्ला कार्यालयका प्रमुख, शिक्षा विकास तथा समन्वय इकाईका प्रमुख, आदर्श उच्च माध्यमिक विद्यालयका प्राचार्य श्री कुमार पौडेल र नेपाल पत्रकार महासंघको जिल्ला सभापतिको आतिथ्यतामा "विद्यालयस्तरमा हुने लैंगिक हिंसा निवारणका सम्बन्धमा अन्तरक्रिया" कार्यक्रम सम्पन्न गरियो ।कार्यक्रममा माध्यमिक/प्राथमिक विद्यालयका प्रधानाध्यापक तथा व्यवस्थापन समितिका अध्यक्ष तथा सदस्य, नेपाल पत्रकार महासंघका जिल्ला सभापति,नेपाल वाणी रेडियोका अध्यक्ष , बिभिन्न विद्यालयका बिद्यार्थीहरू र सञ्चारकर्मी तथा पत्रकारहरूको सहभागिता रहेको थियो।

१२. लैंगिक हिंसा विरुद्धको १६दिने अभियानको सन्दर्भमा मिति २०८०/०८/२० गते झापा जिल्लाको मेेची नगर नगरपालिकामा राष्ट्रिय महिला आयोगको माननीय सदस्य कृष्ण कुमारी पौडेल खतिवडाको अध्यक्षतामा मेची नगर नगरपालिकाको नगर प्रमुख श्री गोपाल चन्द्र बुढाथोकीज्यूको प्रमुख आतिथ्यता, नगर उपप्रमुख श्री मीना कुमारी पोखरेल उप्रेती, प्रहरी उपरीक्षक श्री दुर्गा रेग्मी, निमित प्रमुख जिल्ला अधिकारी श्री विश्वराज नेपालको आतिथ्यतामा "हानिकारक अभ्यास न्यूनीकरण सम्बन्धी अन्तरक्रिया" कार्यक्रम सम्पन्न गरियो ।कार्यक्रममा जिल्लास्थित सुरक्षा निकायका प्रमुख, महिला बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रको प्रमुख तथा प्रहरी अधिकृत, नेपाल उद्योग बाणिज्य महासंघको जिल्ला अध्यक्ष, नेपाल पत्रकार महासंघका जिल्ला सभापति, नगरपालिकाका महिला बालबालिका शाखाको प्रमुख तथा अन्य कर्मचारी, जिल्लास्थित अन्तर पार्टी महिला सञ्जालका प्रतिनिधि, गैर सरकारी संस्थाका प्रतिनिधि, मानव बेचबिखन विरुद्ध क्रियाशील संस्थाका प्रतिनिधि,सञ्चारकर्मी तथा पत्रकारहरूको सहभागिता रहेको

थियो।उक्तकार्यक्रममाप्रहरीनिरीक्षकश्रीमहेन्द्रपराजुलीले "झापाजिल्लामाहानिकारकअभ्यासकाकारणमहिलाहिंसाकोअवस्था, महिला हिंसाका अन्य कारक तत्वहरू र हानिकारक अभ्यास तथा महिला हिंसा न्यूनीकरणका लागि अवलम्बन गर्नुपर्ने उपायहरू" र मेचीनगर नगरपालिको महिला शाखाका प्रमुख श्री जयन्ती खरेलले "झापामा परम्परागत हानिकारक अभ्यासको अवस्था, यसबाट महिलामा पर्न गएको असर र हानिकारक अभ्यास न्यूनीकरणका लागि गरिएका प्रयासहरू" विषयमा कार्यपत्र प्रस्तुत गर्नुभएको थियो।

१३. लैंगिकहिंसाबिरुध्दअभियानकोसन्दर्भमा२०८०मंसिर२१गतेसुर्खेतमाराष्ट्रियमहिलाआयोगकोआयोजनामाआयोगकाअध्यक्षकमलापराजुलीकोअध्यक्षतामा, कर्णाली प्रदेशका कानून तथा आन्तरिक मामला मन्त्री माननीय कृष्णजी.सी. प्रमुख आतिथ्यतामा, विशेष अतिथी सुर्खेत जिल्ला समन्वय उपप्रमुख, बिरेन्द्र नगर उो महानगरपालिका प्रमुख मोहननाया ढकाल सहित, अतिथिहरु सुर्खेत प्रमुख जिल्ला अधिकारी नारायण प्रसाद सापकोटा, कर्णाली प्रदेशका DIG भिमप्रसाद ढकाल, सुर्खेत जिल्ला स्थित सूरक्षा निकायका प्रमुखहरु , जिल्ला न्यायाधिवक्ता, नेपाल वार एशोसिएसनका प्रतिनिधि, राष्ट्रिय मानव अधिकार आयोगका कर्णाली प्रदेश प्रमुख, सामाजिक तथा मानव अधिकारसम्बन्धी संस्थाका प्रतिनिधिहरु, कर्णाली प्रादेशिक अस्पतालको OCMC ईन्चार्ज, लैंगिक हिंसा पिडित प्रतिनिधि र सञ्चारकर्मी सहितको उपस्थितिमा " लैंगिक हिंसा बिरुध्द सूरक्षा निकायसंग समन्वयात्मक अन्तर्क्रियात्मक कार्यक्रम" सम्पन्न भएको छ ।

१४. "लैङ्गिक हिंसा अन्त्यको सुनिश्चितता: महिला र बालबालिकामा लगानी ऐक्यबद्धता" भन्ने नारा सहित विश्वव्यापी रुपमा मनाइएकोफ लैङ्गिक हिंसा विरुद्धको १६ दिने अभियान राष्ट्रिय महिला आयोगद्वारा मिति २०८०।८।२४ गते (१० डिसेम्बर, २०२३) का दिन औपचारिक कार्यक्रम समापन भयो । कार्यक्रममा राष्ट्रिय महिला आयोगद्वारा सञ्चालित "खबर गरौं हेल्पलाइन; ११४५" को छैठौं स्थापना दिवस विशेष कार्यक्रमको रुपमा पनि यो कार्यक्रम आयोजना गरिएको हो । आयोगका माननीय अध्यक्ष कमला कुमारी पराजुलीज्यूको अध्यक्षता गर्नुभएको कार्यक्रममा महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयका माननीय मन्त्री श्री सुरेन्द्र राज आचार्यज्यू प्रमुख अतिथीको रुपमा उपस्थित हुनु भई कार्यक्रमलाई सम्बोधन गर्नु भयो । कार्यक्रममा आयोगका सचिव श्री कमल बहादुर राजलवटज्यूले कार्यक्रमको उद्देश्य सहित स्वागत मन्तव्य व्यक्त गर्नु भएको थियो । खवर गरौं हेल्पलाइन सेवा र राष्ट्रिय महिला आयोगबाट पीडितलाई प्रवाह भएको सेवाको सवालमा आयोगका सूचना अधिकारी चन्द्रा थापाले कार्यपत्र प्रस्तुत गर्नु भएको थियो । त्यसैगरी माननीय सदस्य सावित्रा कुमारी शर्माले धन्यवाद ज्ञापन मन्तव्य व्यक्त गर्नु भयो भने आयोगका सेवाग्राही तथा साझेदार निकाय ल्याक नेपालको अध्यक्ष अनिता थपलियाको समेत मन्तव्य रहेको थियो । अन्त्यमा १६ दिने अभियान सफल भएको जानकारी गराउँदै कार्यक्रमको निश्कर्षमा "हिंसाको अन्त्य गर्ने" रहेको जानकारी सहित कार्यक्रमका अध्यक्ष एवं आयोगका माननीय अध्यक्षबाट कार्यक्रमको औपचारिक समापन भएको थियो ।

(ख) अनुगमन

भूकम्प प्रभावित क्षेत्रको अनुगमनः

१. राष्ट्रिय महिला आयोगका माननीय सदस्य कृष्ण कुमारी पौडेल खतिवडाज्यूको नेतृत्वमाशाखा अधिकृत चन्द्रा थापा, ना.सुसुनिता थापा सहितको टोलीले मिति २०८०/०८/०८ गते रामेछाप जिल्लाको मन्थलीस्थित मन्थली अस्पतालको एकद्वार संकट व्यवस्थापन केन्द्र OCMC को स्थलगत अनुगमन गरेको छ । अनुगमनमा प्रमुख जिल्ला अधिकारी अनिता निरौलाज्यूको समेत सहभागिता रहेको थियो ।
उक्त अस्पतालका मे सु डा समिर क्षेत्रीज्यू र OCMC इन्चार्जले OCMC को बारेमा जानकारी गराउनु भएको थियो ।अनुगमनका क्रममा OCMC मावार्षिकरुपमा ५० देखि ६० जनाको संख्यामा हिंसा पीडितहरु सेवा लिन आउने रअधिकांश पीडितहरु १४ देखि १८ वर्षका किशोरीहरु जवरजस्तीकरणीका पीडितहरु हुने गरेको जानकारी प्राप्त भयो । यस अवस्था प्रति राष्ट्रिय महिला आयोगका माननीय सदस्य कृष्ण कुमारी पौडेल खतिवडाज्यूले मन्थली नगरपालिकाका प्रमुख तथा उप्रमुख, प्रमुख जिल्ला अधिकारी र जिल्ला प्रहरी कार्यालय प्रमुखज्यूहरुलाई ध्यानाकार्षण गराउनु भई लैंगिक हिंसा न्यूनीकरण गर्न प्रभावकारीरुपमा लाग्न निर्देशन दिनुभयो ।

२. मिति २०८०/०८/३० गते राष्ट्रिय महिला आयोगका अध्यक्ष माननीय कमला कुमारी पराजुलीको नेतृत्वमा आयोगका सदस्य माननीय सावित्रा कुमारी शर्मा, आयोगका कर्मचारीहरु शाखा अधिकृत सुशिला कुमारी पंथ, लेखा अधिकृत श्रीभद्र गौतम, ना.सु. अनन्त घिमिरे सहितको टोलीले रुकुम जिल्लाको आठबीसकोट नगरपालिकामा भूकम्पले पारेको क्षतीको अवलोकन गरी नगरपालिकाका मेयर श्री रवि के.सी.सँग भेट गर्यो । भेटघाटको क्रममाभुकम्पपछि तत्काल उद्धार, घाइतेको उपचार, मानवीय तथा भौतिकक्षति, पशुजन्य क्षति, राहत वितरणकोअवस्था , अस्थायी आवास निर्माण, भुकम्प प्रभावित नागरिकहरूका वर्तमान अवस्था, प्रदेश सरकारसँगको समन्वय र सहकार्यको अवस्था, राहत वितरण र अस्थायी आवास निर्माणमा देखिएका समस्या, शौचालयको अभावमा थपिएका चुनौती , स्वास्थ्य तथा मनोसामाजिक समस्याहरूर सम्भावित जोखिम तथा त्यसलाई रोक्ने प्रयास एवम् नीतिगत कार्यक्रमका विषयमा समेत छलफल भईआयोगका अध्यक्षज्यूबाट सुझावसमेत प्रदान गर्ने कार्य भएको छ ।

३. मिति २०८०/०८/३० गते राष्ट्रिय महिला आयोगका अध्यक्ष माननीय कमला कुमारी पराजुलीको नेतृत्वमा आयोगका सदस्य माननीय सावित्रा कुमारी शर्मा, आयोगका कर्मचारीहरु शाखा अधिकृत सुशिला कुमारी पन्थ, लेखा अधिकृत श्रीभद्र गौतम, ना.सु. अनन्त घिमिरे सहितको टोलीले जाजरकोट जिल्लाका प्रमुख जिल्ला अधिकारी श्री सुरेश सुनारसँग भेटघाट गर्यो। भेटघाटको क्रममा जिल्लाको भुकम्पपछि खोजी, उद्दार, घाइतेको उपचार, मानवीय तथा भौतिकक्षति, राहत वितरण, अस्थायी आवास निर्माण, भुकम्प प्रभावित नागरिकहरूकावर्तमान अवस्था, प्रदेश

सरकारसँगको समन्वय र सहकार्यको अवस्था, राहत वितरण र अस्थायी आवास निर्माणमा देखिएका समस्या, लैंगिक सामाजिक पक्षबाट ध्यान दिनुपर्ने सवालहरु लगायत बालबालिका, किशोर–किशोरी, सुत्केरीतथा गर्भवती महिला, अपाङ्गता भएका व्यक्तिलाई थप हिंसा र जोखिमबाट बचाउनेप्रयास र विशेष योजनाका विषयमा छलफल भएको छ ।

४. मिति २०८०|०८|२८गते राष्ट्रिय महिला आयोगको अध्यक्ष माननीय कमला कुमारी पराजुलीज्यूको नेतृत्वमा आयोगको सदस्य माननीय सावित्रा कुमारी शर्मा, शाखा अधिकृत सुशिला कुमारी पंथ, लेखा अधिकृत श्रीभद्र गौतम र ना.सु. अनन्त घिमिरेसहितको टोलीले कर्णाली प्रदेश, आन्तरिक मामिला तथा कानुन मन्त्री माननीय कृष्ण बहादुर जि.सी.सँग भेटघाट गरीजाजरकोट र रुकुम जिल्लाको भुकम्प प्रभावित क्षेत्रमा भएको मानवीय तथा भौतिक क्षति, उद्धारकार्य, राहत वितरण, अस्थायी आवास लगायतका सवालमा छलफल गरियो। साथैलैंगिक तथा समावेशी पक्ष (महिला, बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्गलाई भएका व्यक्ति, गर्भवती र सुत्केरी ) बाट विशेष सम्बोधन गर्नुपर्ने सवालहरूका बारेमा पनि छलफल गरियो।

लैंगिक अनुगमन

१. मिति २०८०/०८/०५ गते राष्ट्रिय महिला आयोगका माननीय सदस्य कृष्ण कुमारी पौडेल खतिवडा ज्यूको नेतृत्वमा माननीय सदस्य सावित्र कुमारी शर्मा ज्यू सहित कर्मचारीको टोलीले "नेपालअपाङ्गसंघखगेन्द्रनवजीवनकेन्द्रतथालबप्रसादसुधारसंघ, लब प्रसाद बाल गृह गोकर्नेश्वर साथै जोरपाटीमा अपांगता भएकी महिलालाई शाररिक,मानसिक हिंसा भएको भनि राष्ट्रिय महिला आयोगमा उजुरी भएको हुनाले उक्त बिषयमा जानकारी लिन स्थलगत अनुगमन गरी प्रेस बिज्ञप्ति समेत जारी गरिएको छ |
२. राष्ट्रिय महिला आयोगको माननीय सदस्य कृष्ण कुमारी पौडेल खतिवडाज्यूको नेतृत्वमा आयोगकोः शाखा अधिकृत सुशिला कुमारी पंथ, लेखा अधिकृत श्रीभद्र गौतम, ना.सु. अनन्त घिमिरे सहितको टोलीले मिति २०८०/०८/१७गतेफिदिममा रहेको श्री सिद्ध पोखरी सेवा सदनद्वारा सञ्चालित ज्येष्ठ नागरिक सेवा आश्रमको अनुगमन गरेको छ।आश्रममा रहेका ज्येष्ठ नागरिकहरूसँग त्यहाँबाट प्राप्त सेवा सुविधा बारे छलफल गर्नुको साथै आश्रमका सञ्चालकसित आश्रम सञ्चालनमा रहेको समस्याको बारेमा जानकारी लिइयो।
३. राष्ट्रिय महिला आयोगको माननीय सदस्य कृष्ण कुमारी पौडेल खतिवडाज्यूको नेतृत्वमा आयोगको शाखा अधिकृत सुशिला कुमारी पंथ, लेखा अधिकृत श्रीभद्र गौतम, ना.सु. अनन्त घिमिरे सहितको टोलीले मिति २०८०/०८/१७गते जिल्ला प्रहरी कार्यालय पाँचथरको अनुगमन गरेको छ। अनुगमनको क्रममा महिला

बालबालिका तथा ज्येष्ठ नागरीक सेवा कक्षको पनि निरीक्षणगरेको छ । प्रहरी नायब उपरीक्षक श्री हेमन्त भण्डारी लगायतको प्रहरी कर्मचारीहरूसँग पाँचथरमा महिला हिंसाको अवस्था र हिंसा न्यूनीकरणको प्रयास सम्बन्धमा अन्तरक्रिया छलफलगरियो ।

४. राष्ट्रिय महिला आयोगको माननीय सदस्य कृष्ण कुमारी पौडेल खतिवडाज्यूको नेतृत्वमा आयोगको शाखा अधिकृत सुशिला कुमारी पंथ, लेखा अधिकृत श्रीभद्र गौतम, ना.सु. अनन्त घिमिरे सहितको टोलीले मिति २०८०/०८/१७गतेकारागार कार्यालय पाँचथरको अनुगमन गरेको छ। अनुगमनको क्रममा प्रहरी नायब उपरीक्षक हेमन्त भण्डारीको समेेत उपस्थिति रहेको थियो । कारागारमा रहेका कैदी बन्दीको अवस्थाको बारेमा जानकारी लिनुका साथै नवनिर्मित कारागार भवनको निर्माणमा भैरहेको ढिलासुस्तीका बारेमा पनि जानकारी लिइयो ।

५. मिति२०८०/०८/२९ गतेराष्ट्रिय महिला आयोगको अध्यक्ष माननीय कमला कुमारी पराजुलीज्यको नेतृत्वमा आयोगको सदस्य माननीय सावित्रा कुमारी शर्मा, शाखा अधिकृत सुशिला कुमारी पंथ, लेखा अधिकृत श्रीभद्र गौतमर ना.सु. अनन्त घिमिरेसहितको टोलीले कर्णाली प्रदेश प्रहरी कार्यालयका प्र.व.उ. श्री बीर बहादुर ओलीसँग भेटघाट गरी प्रदेश प्रहरी कार्यालयले लैंगिक हिंसा निवारणको लागि गरेका कार्यक्रम, प्रहरीहरूमा लैंंगिक संवेदनशीलताको अवस्था, लैंगिक हिंसा नियन्त्रणमा रहेका समस्या, चुनौती र समाधानकोलागि नेपाल प्रहरीबाट भएका प्रयासहरू, सरोकारवाला निकायसँगको समन्वय तथा सहकार्य सम्बन्धमा छलफल गरियो ।

६. राष्ट्रियमहिलाआयोगका माननीय सदस्य सावित्रा कुमारी शर्माज्यूको नेतृत्वमा “नवलपरासीपुर्व, नवलपरासी पश्चिम, रुपन्देही, तनहुँ, स्याङ्जा र कास्की, जिल्लामा रहेका एकद्वार संकट व्यवस्थापन केन्द्र, जिल्ला प्रशानस कार्यलाय, जिल्ला प्रहरी कार्यालय, वृदा आश्रम, सेफ हाउस तथा महिला हिंसाका घटनाको अनुगमन”बारेमा अनुगमन भएको छ ।

प्रसारण तथा प्रकाशन

१. महिला हिंसा विरुद्ध तथा लैंगिक न्यायको पहल गर्ने उद्धेश्यले महिला हिंसाको अवस्था, कारण र न्यूनीकरणका सन्दर्भमा रेडियो नेपालबाट पाक्षिकरुपमा "महिला आवाज" कार्यक्रम उत्पादन गरी प्रसारण भई रहेको छ ।

२. राष्ट्रिय महिला आयोगको गतिविधि सहित लैंगिक समानता, लैंगिक न्याय र महिला हिंसा न्यूनीकरणका क्षेत्रमा नेपाल टेलिभिजन मार्फत कार्यक्रम उत्पादन गरी प्रसारण भइरहेको छ ।

दोस्रो त्रैमासिक अवधि (२०८० कार्तिक १ गते देखि पौष मसान्तसम्म) मा आयोगमा दर्ता भएका उजुरीहरु र प्रदान गरिएका सेवाको विवरण

आयोगमा दर्ता भएका उजुरीहरु

| महिना | **घरेलु हिंसा** | **महिला हिंसा** | **जम्मा** |
|---|---|---|---|
| कार्तिक | २१ | ० | २१ |
| मंसिर | ५० | १ | ५१ |
| पौष | ३१ | ० | ३१ |
| जम्मा | १०२ | १ | १०३ |

प्रदेशगत आयोगमा दर्ता भएका उजुरीहरु

| **प्रदेश** | **घरेलु हिंसा** | **महिला हिंसा** | **जम्मा** |
|---|---|---|---|
| कोशी | ३ | ० | ३ |
| मधेश प्रदेश | ३ | ० | ३ |
| वागमती | ९० | १ | ९१ |
| गण्डकी | २ | ० | २ |
| लुम्बिनी | ० | ० | ० |
| कर्णाली | ० | ० | ० |
| सुदूरपश्चिम | ० | ० | ० |
| प्रदेश उल्लेख नभएको | २ | ० | २ |
| जम्मा | १०२ | १ | १०३ |

हिंसाको प्रकार अनुसार आयोगमा दर्ता भएका उजुरीहरु

| **हिंसाको प्रकार** | **संख्या** |
|---|---|
| मानसिक हिंसा | १०१ |
| आर्थिक हिंसा | ५८ |
| शारीरिक हिंसा | ६२ |
| यौनजन्य हिंसा | १ |

माथि उल्लेखित विवरणमा एउटै व्यक्ति धेरै किसिमको हिंसाबाट प्रभावित हुने भएकोले दर्ता भएको कुल उजुरी संख्या भन्दा बढी देखिएको हो ।

राष्ट्रिय महिला आयोगबाट र साझेदार संस्थाहरुको समन्वयमा हिंसा पीडितहरुलाई प्रदान गरिएको सेवाको विवरण

| हिंसाको प्रकार | संख्या |
|---|---|
| मनोसामाजिक विमर्श | ४९ |
| कानुनी परामर्श | ५० |
| मेलमिलाप | ५५ |
| अदालतमा प्रतिनिधित्व （Coutr Representation） | १ |

माथि उल्लेखित विवरणमा एउटै व्यक्तिलाई एक भन्दा बढी सेवा एक भन्दा बढी पटक प्रदान गर्नुपर्ने भएकोले कुल उजुरी संख्या भन्दा सेवा प्रदान गरेको संख्याको विवरण बढी देखिएको हो ।

अधिकतम् रुपमा उजुरी भएका हिंसाका घटनाहरु

| हिंसाको प्रकार | संख्या |
|---|---|
| मानासिकयातना | ९७ |
| कुटपिट | ६२ |
| चरित्रहत्या | १७ |
| आर्थिकयातना | ५१ |
| विवाहदर्ताबनाउनचाहिने आवश्यककागजात सम्बन्धीसमस्या | ९ |
| सुरक्षामुद्दा | २ |
| सम्पत्तीहस्तान्तरणगर्दाचाहिने आवश्यककागजात सम्बन्धीसमस्या | १ |
| यौनदुर्ब्यबहार | १ |
| बलत्कार | ० |
| जन्मदर्ताबनाउनचाहिने आवश्यककागजात सम्बन्धीसमस्या | ७ |
| नागरिकताबनाउनचाहिने आवश्यककागजात | ० |

| हिंसाको प्रकार | संख्या |
|---|---|
| समबन्धीसमस्या | |
| बालसुरक्षाकोमुद्दा | ४ |
| बहुविवाह | ० |
| साइबरक्राइम | १ |
| बलत्कारको प्रयास उद्योग | ० |
| मान ा चामल | ० |
| वैबाहिकबलत्त्कार | १ |
| दाँइजो प्रथाले हुने हिंसा | ३ |
| जबर्जस्तीगर्भपत्तन | ० |
| डिवोर्स | ६ |
| हत्या | ० |
| जग्गाविवाद | ० |
| ज्यानमार्नेउद्ध्योग | ० |
| कार्यस्थलमा हुनेयौनजन्य दुर्ब्यबहार | ० |
| बालविवाह | ० |

माथि उल्लेखित विवरणमा एउटै व्यक्ति धेरै किसिमको हिंसाका घटनाबाट पीडित/प्रभावित हुने भएकोले कुल उजुरी संख्या भन्दा बढी देखिएको हो ।

हिंसा पीडितहरुको सेवाको लागि सिफारिस गरिएका संस्थाहरु

| संस्था | संख्या |
|---|---|
| साथी (सूरक्षित आश्रयस्थलको लागि) | ० |
| ल्याक (कानूनी सहायताका लागि) | ५ |
| टि.पि.ओ. (मनोसामाजिक परामर्श सेवाको लागि | ४ |
| नेपाल बार एशोसिएशन | ५ |

१२. प्रमुख र सूचना अधिकारीको नाम

| सि.नं | नाम थर | पद |
|---|---|---|
| १ | पार्वती पौडेल | सचिव |
| २ | चन्द्रा थापा | सूचना अधिकारी |

.

१३. ऐन, नियम, विनियम वा निर्देशिकाहरुको सूची

- राष्ट्रियमहिलाआयोगऐन, २०७४
- राष्ट्रिय महिला आयोग नियमावली, २०७४
- लैंगिक हिंसामा परेका महिला तथा बालबालिकालाई सहयोग उपलब्ध गराउने सेवा प्रदायक संस्था छनौट तथा सेवा शूल्क/अनुदान उपलब्ध सम्बन्धी कार्यविधि, २०७८
- राष्ट्रिय महिला आयोगको बैठक सञ्चालनसम्बन्धी कार्यविधि, २०७८
- राष्ट्रिय महिला आयोग आन्तरिक निर्देशिका, २०७८

१४. आम्दानी खर्च र आर्थिक कारोबार सम्बन्धी अद्यावधिक विवरण
२०८० पौष मसान्तसम्मको कारोबारको अवस्था

| **शीर्षक** | **विनियोजित बजेट रु** | **पौष मसान्तसम्मको खर्च** | **खर्च प्रतिशत** |
|---|---|---|---|
| चालु खर्च | ५,६९,००,०००/- | १,९९,७९,४६००/५४ | ३५ |
| पुँजीगत खर्च | १३,००,०००/- | १,२२,२३२/- | ९.४ |
| कार्यक्रम खर्च | २,५३,००,०००/- | २९,९९,११६/- | १२ |
| पदाधिकारी खर्च | ८८,००,०००/- | ४४,१८,८७२/६३ | ५० |

१५. राष्ट्रिय महिला आयोगको वेवसाइट
www.nwc.gov.np रe-mail: info@nwc.gov.np रहेको छ ।

१६. राष्ट्रिय महिला आयोगले प्राप्त गरेको वैदेशिक सहायता सम्वन्धी विवरणः
हाल आयोगमा वैदेशिक सहायताबाट कुनैपनि कार्यक्रम नभएको ।

१७. सार्वजनिक निकायले वर्गीकरण तथा संरक्षण गरेको सूचनाको नामावलीः
प्रचलित कानून बमोजिम दिन मिल्ने सबै प्रकारको सूचनाहरु उपलब्ध गराउने गरिएको ।

१८. सार्वजनिक निकायमा गरेका सूचना परेका सूचना माग सम्वन्धी निवेदन र सूचना दिइएको विषयः
माग भए अनुसारको सूचना उपलब्ध गराउने गरिएको ।

१९. सार्वजनिक निकायका सूचनाहरु अन्यत्र प्रकाशन भएको वा हुने भए सो को विवरण
महत्वपूर्ण सूचनाहरु आयोगको बेबसाइटमा पनि राख्ने गरिएको ।